भाग २

श्री ५ को सरकार

कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काईसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४८ सालको ऐन नं. ४६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

बिक्री कर ऐन, २०२३ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : बिक्री कर ऐन, २०२३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काइसौं वर्षमा संसदले यो ऐन बनाएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "बिक्री कर (तेश्रो संशोधन) ऐन, २०४८" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. बिक्री कर ऐन, २०२३ को दफा २ मा संशोधन : बिक्री कर ऐन, २०२३ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को

(१) खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छ :-

"(ख१) "सेवा" भन्नाले प्रचलित कानून बमोजिम बिक्री कर लाग्ने सेवा सम्झनु पर्छ।"

(२) खण्ड (घ) मा रहेका "पैठारी गर्ने" भन्ने शब्दहरू पछि वा सेवा बिक्री गर्ने" भन्ने शब्दहरु थपिएका छन्।

(३) खण्ड (ङ) को अन्त्यमा "र सो शब्दले सेवा बिक्रि गर्ने स्थान समेतलाई जनाउँछ।" भन्ने वाक्यांश थपिएको छ ।

(४) खण्ड (झ) मा रहेका नियुक्त गरेको कर अधिकृत" भन्ने शब्दहरू पछि "वरिष्ठ कर अधिकृत" भन्ने शब्दहरू थपिएका छन्।

(५) खण्ड (झ) पछि देहायको खण्ड (झ१) थपिएको छ :-

(झ१) "महानिर्देशक" भन्नाले बिक्री कर विभागको महानिर्देशक सम्झनु पर्छ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल ऐनको दफा ४ मा संशोधन : मूल ऐनको दफा ४ को .-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) यो ऐन प्रारम्भ भएको मितिले पैंतीस दिन भित्र वा आफूले बिक्री स्थान खोलेको पैंतीस दिन भित्र प्रत्येक बिक्रेताले बिक्रेताको रूपमा आफ्नो नाम दर्ता गर्न आफूसंग मौज्दात रहेका मालसामानको विवरण समेत संलग्न गरी सम्बन्धित कर अधिकृतका समक्ष तोकिएको ढांचामा निवेदनपत्र दिनु पर्नेछ।

तर प्रचलित कानून बमोजिम पैठारीको अवस्थामा नै बिक्री कर तिर्नु पर्ने बिक्रेताले आफ्नो नाम दर्ता गर्नु पर्ने छैन।"

(२) उपदफा (५) को अन्त्यमा रहेको "कर अधिकृतले रू. ५००।- (पाँचसय) सम्म जरिवाना गरी निजको नाम बिक्रेताको रूपमा दर्ता गर्न सक्नेछ।" भन्ने वाक्यांशको सट्टा "कर अधिकृतले पाँच हजार रूपैयाँसम्म जरिवाना गरी दर्ता नभएसम्म त्यस्तो मालसामान रोक्का वा कारोवारको स्थानमा रहेका माल सामानहरू कब्जा गर्न सक्नेछ।" भन्ने वाक्यांश राखिएको छ।

(३) उपदफा (६) को अन्त्यमा रहेका "कारण देखाई वा नदेखाई खारेज गर्न सक्नेछ। "भन्ने शब्दहरूको सट्टा "कारण देखाई पर्चा खडा गरी महानिर्देशकको स्वीकृति लिएर

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खारेज गर्न सक्नेछ।" भन्ने शब्दहरू राखिएका छन्।

४. मूल ऐनको दफा ५ मा संशोधन : मूल ऐनको दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छः-

"५. स्वामित्व हस्तान्तरण हुनु अघि कर तिर्नु पर्नेः यस ऐन बमोजिम कर तिर्नु पर्ने दायित्व भएको कुनै फर्म, कम्पनी वा संस्थाको स्वामित्व हस्तान्तरण गर्नु परेमा त्यसरी स्वामित्व हस्तान्तरण गर्नु अगावै त्यस्तो फर्म, कम्पनी वा संस्थाले तिर्नु पर्ने कर तिरिसकेको हुनु पर्नेछ।"

५. मूल ऐनको दफा ६ मा संशोधन : मूल ऐनको दफा ६ को :-

(१) उपदफा (१) मा रहेका "पैंतालीस दिन भित्रै" भन्ने शब्दहरूको सट्टा "तीस दिन भित्र" भन्ने शब्दहरू र सोही उपदफामा रहेका "सर्वसंचित कोषमा" भन्ने शब्दहरूको सट्टा "संचित कोषमा" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (२) पछि देहायका उपदफा (३) र (४) थपिएका छन् :-

"(३) उपदफा (२) बमोजिमको म्याद भित्र कर दाखिल नगर्ने बिक्रेतासंग कर अधिकृतले निम्न लिखित कुनै वा सबै तरिका अपनाई बाँकी कर असूल उपर गर्नु पर्नेछः-

आधिकारिकता मुद्रण विभागप्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) बिक्रेताको चल वा अचल सम्पत्ति रोक्का गर्ने वा कब्जा गर्ने

(ख) बिक्रेताको नाममा कुनै सरकारी कार्यालय वा श्री ५ को सरकारको स्वामित्व भएको संगठित संस्थामा रहेको धरौटी वा त्यस्तो कार्यालय वा संस्थाले बिक्रेतालाई तिर्नु बुझाउनु पर्ने रकम रोक्का गर्ने वा त्यस्तो रकम दाखिल गर्न लगाउने,

(ग) बिक्रेताको कारोबार तथा निकासी पैठारी रोक्का गर्ने,

(घ) बिक्रेताको नाममा रहेको चल वा अचल सम्पत्ति सबै वा केही एकै पटक वा पटक पटक गरी तोकिए बमोजिम लिलाम बिक्री गर्ने।

(४) कुनै बिक्रेताले प्रचलित कानून बमोजिम लाग्ने बिक्री कर धरौटीमा अग्रीम दाखिल गरेको रहेछ भने अग्रीम दाखिल भएको रकमले खामे सम्मको रकममा उपदफा (२) बमोजिमको जरिवाना लाग्ने छैन।"

६ <u>मूल ऐनको दफा ८ मा संशोधन</u> : मूल ऐनको दफा ८ को,-

९६९६
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(१) उपदफा (१) मा रहेका "एक महीना" भन्ने शब्दहरूको सट्टा "दुई महीना" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (२) मा रहेका "पाँच प्रतिशत सम्म जरिवाना" भन्ने शब्दहरूको सट्टा "पाँच प्रतिशत जरिवाना" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपदफा (३) मा रहेका "बढीमा एक महीना" भन्ने शब्दहरूको सट्टा "बढीमा पन्ध्र दिन" भन्ने शब्दहरू र सोही उपदफामा रहेका "बढीमा तीन महीना सम्मको" भन्ने शब्दहरूको सट्टा "बढीमा एक महीना" भन्ने शब्दहरू राखिएका छन्।

७. <u>मूल ऐनको दफा ८क. मा संशोधन</u> : मूल ऐनको दफा ८क. मा रहेका "पैठारी गर्दाको" भन्ने शब्दहरू पछि "तथा सेवाको आधारमा कर बुझाउनेमा सेवा बिक्री गर्दा" भन्ने शब्दहरू राखिएका छन्।

८. <u>मूल ऐनको दफा ९ मा संशोधन</u> : मूल ऐनको दफा ९ को,-

(१) उपदफा (२) मा रहेका "सम्बन्धित कर अधिकृतले" भन्ने शब्दहरू पछि "छ महीना भित्र" भन्ने शब्दहरू थपिएका छन् र सोही उपदफाको अन्त्यमा "सो अवधि भित्र कर निर्धारण गर्न नसकेमा कर अधिकृतले कारण खुलाई महानिर्देशकलाई सूचना दिएमा महानिर्देशकले बढीमा छ महीना सम्मको म्याद थप दिन सक्नेछ।" भन्ने वाक्य थपिएकोछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छ :-

"(५) कर अधिकृतले कर निर्धारणको सिलसिलामा जाँचबुझको लागि आवश्यकतानुसार बिक्री स्थान निरीक्षण गर्न र मालसामान वा सेवासंग सम्बन्धित कागजात आवश्यक म्याद दिई झिकाउन सक्नेछ।"

(३) उपदफा (७) को सट्टा देहायको उपदफा (७) राखिएको छ :-

"(७) यस दफा बमोजिमको म्याद भित्र सम्बन्धित कागजात पेश नगर्ने वा बिक्री स्थान निरीक्षण गर्न नदिने बिक्रेतालाई कर अधिकृतले एक हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ।"

(४) उपदफा (७) पछि देहायको उपदफा (८) थपिएको छ :-

(८) यस दफा बमोजिम कुनै बिक्रेताको कर निर्धारण गर्दा त्यस्तो बिक्रेताले उपदफा (४) वा दफा ६ को उपदफा (१) बमोजिम दाखिल गर्नु पर्ने कर रकम दाखिल नगरेको देखिएमा निजसंग दफा ६ को उपदफा (२) बमोजिम लाग्ने जरिवानाको हिसाब गरी कर असूल गरिनेछ।"

९. मूल ऐनको दफा १० मा संशोधन : मूल ऐनको दफा १० मा रहेका "श्री ५ को सरकारको स्वीकृति लिई पुनः कर निर्धारण गर्न सक्नेछ।" भन्ने वाक्यांशको सट्टा "महानिर्देशकको स्वीकृति

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लिई सो स्वीकृति प्राप्त भएको मितिले एक महीना भित्र पुनः कर निर्धारण गर्नु पर्नेछ।' भन्ने वाक्यांश राखिएको छ ।

१०. <u>मूल ऐनमा दफा १०क., १०ख., र १०ग. थप</u> : मूल ऐनको दफा १० पछि देहायका दफा १०क., १०ख., र १०ग., थपिएका छन्:-

१०क. <u>लापरवाही गरेमा विभागीय कारवाही गरिने</u> : यस ऐन बमोजिम कर अधिकृतले पालन गर्नु पर्ने कर्तव्य पालन नगरी वा कर निर्धारण बदनियत साथ वा लापरवाहीबाट गरेको ठहरी बिक्रेताको दायित्व घटन वा बढन गएमा त्यस्तो गर्ने सम्बन्धित कर अधिकृतलाई महानिर्देशकले निजको प्रचलित सेवाको शर्त सम्बन्धी कानून बमोजिम सजाय गर्न विभागीय कारवाही चलाउने छ ।

१०.ख. <u>लेखा र तत्सबन्धित प्रमाणहरू सुरक्षित राख्ने</u> : कुनै पनि बिक्रेताले बिक्री कर प्रयोजनको निमित्त प्रयोग गरेको बील, बिजक, लेखा तथा तत्सम्बन्धी सम्पूर्ण कागजात तथा प्रमाणहरू कर निर्धारण भएको मितिले ५ वर्षसम्म सुरक्षित राख्नु पर्नेछ।

१०.ग. <u>ऐन नियम उल्लंघन गर्नेलाई सजाय</u> : यस ऐनमा सजाय सम्बन्धी अन्यथा व्यवस्था भएमा बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लंघन गर्ने व्यक्ति, फर्म, कम्पनी,

१६२१
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

बैंक, वित्तीय संस्था वा अन्य संस्थालाई कर अधिकृतले बढीमा एक हजार रूपैयाँ सम्म जरियाना गर्न सक्नेछ।"

११. <u>मूल ऐनको दफा ११ मा संशोधन</u> : मूल ऐनको दफा ११ को ,-

(१) उपदफा (२) मा रहेका "बढीमा रु. ५०००।- पाँच हजारसम्म" भन्ने शब्दहरूको सट्टा "लाग्ने करको दश प्रतिशत" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छ :-

"(३) उपदफा (१) बमोजिम कर निर्धारण गर्दा कर अधिकृतले त्यसरी कर निर्धारण गर्नु परेको आधार स्पष्ट खुलाई लिखित सूचना दिई आफ्नो खरिद बिक्रीको सम्बन्धमा केही कुरा भन्न वा सबुद प्रमाण पेश गर्न बिक्रेतालाई सात दिनको म्याद दिनु पर्नेछ।"

१२. <u>मूल ऐनको दफा १३ मा संशोधन</u> : मूल ऐनको दफा १३ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छ :-

"(४) कुनै उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, यन्त्र, उपकरण तथा औजारहरू पैठारी गर्दा प्रचलित कानून बमोजिम बिक्री कर नलाग्ने भएमा त्यस्ता उद्योगले स्वदेशका उद्योगबाट खरिद गर्ने त्यस्तो माल वस्तुमा पनि बिक्री कर लगाइने छैन।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. <u>मूल ऐनमा दफा १९क. थप</u> : मूल ऐनको दफा १९ पछि देहायको दफा १९क. थपिएको छ :-

"१९क. <u>सूचना पठाउने तरिका</u> : (१) यो ऐन अन्तर्गत कर अधिकृतले कसैलाई सूचना दिंदा त्यस्तो सूचना सम्बन्धित व्यक्तिलाई वा त्यस्तो सूचना पाउने व्यक्ति, कम्पनी वा फर्म रहेछ भने सो कम्पनी वा फर्मको मुख्य अधिकारीलाई सम्बोधन गरी देहाय बमोजिमको तरिकाले बुझाइएमा त्यस्तो व्यक्ति, कम्पनी वा फर्मलाई रीतपूर्वक सूचना दिएको मानिने छ :-

(क) व्यक्तिगत रूपमा जसलाई बुझाउनु पर्ने हो उसैलाई बुझाएको,

(ख) हुलाकद्वारा रजिष्टरी गरी सो व्यक्तिको हाल वा सबै भन्दा पछिको ठेगानामा वा निजको पोष्ट बक्समा बुझाएको।

(२) उपदफा (१) बमोजिम रजिष्टरी गरी हुलाकद्वारा सूचना पठाएकोमा यसरी पठाएको कुरा अन्यथा प्रमाणित नभएसम्म सामान्य गतिबाट बुझाइने अवधि भित्र सूचना बुझाइएको मानिनेछ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। १६०२२
मुद्रण विभाग

१४. मूल ऐनमा दफा २१क. थप : मूल ऐनको दफा २१ पछि देहायको दफा २१क. थपिएको छ :-

"२१क. मिन्हा दिन सक्ने : यस ऐन बमोजिम लागेको जरिवाना, शुल्क वा थप शुल्क कुनै खास अवस्थामा मिन्हा दिनु पर्ने आवश्यक देखेमा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आंशिक वा पूर्णरूपमा मिन्हा दिन सक्नेछ।"

१५. मूल ऐनको दफा २७ मा संशोधन : मूल ऐनको दफा २७ को उपदफा (१) को खण्ड (च) पछि देहायको खण्ड (छ) थपिएको छ :-

"(छ) परिवर्त्य विदेशी मुद्रा भुक्तानी पाउने गरी कुनै बिक्रेता उद्योगले आफ्नो उत्पादन नेपाल अधिराज्य भित्र बिक्री गरी प्रमाण पेश गरेको माल सामान वा सेवा।"

१६. रूपान्तर : मूल ऐनको दफा २ को खण्ड (ग) र (छ), दफा १२ को उपदफा (१) र (२), दफा १३ को उपदफा (१) र (२), दफा १५ को उपदफा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१), दफा १६ को उपदफा (१), दफा २१, दफा २७ को उपदफा (१) को पहिलो वाक्य र सोही उपदफाको खण्ड (क), (ख) र (च) तथा उपदफा (२) मा रहेको "मालसामान" भन्ने शब्दको सट्टा "मालसामान वा सेवा" भन्ने शब्दहरू राखिएका छन्।

लालमोहर सदर मिति :– २०४८।१२।३०।१

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

९६२६०
अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।